# जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट
# आ.व. २०८०/०८१ मा सम्पादन भएका कार्यहरूको विवरण




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

मकवानपुर

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

# विषय सूची


| | |
|---|---|
| १. विविध तथ्याङ्कहरु | १-४ |
| २. पूँजीगत तर्फ कूल खर्चको विवरण | ५ |
| ३. चालु तर्फ कूल खर्चको विवरण | ५ |
| ४. शान्ति सुरक्षा र अमनचयन | ६ |
| ५. सेवा प्रवाह | ६-७ |
| ६. कार्यालय व्यवस्थापन | ७ |
| ७. भौतिक पूर्वाधार निर्माण | ८ |
| ८. सडक व्यवस्थापन | ८-९ |
| ९. पेट्रोलियम पदार्थ ढुवानी | ९ |
| १०. लागूऔषध निषेध र व्यवस्थापन | ९ |
| ११. अवैध मदिरा नियन्त्रण अभियान | ९-१० |
| १२. बजार अनुगमन | १० |
| १३. औद्योगिक क्षेत्र व्यवस्थापन | १० |
| १४. विपद् व्यवस्थापन | १०-११ |
| १५. विभिन्न महामारी रोकथाम, नियन्त्रण तथा व्यवस्थापन | ११ |
| १६. सूचनाको हक | ११ |
| १७. अन्य | ११ |


तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

# जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट आ.व. २०८०/०८१ मा सम्पादन भएका कार्यहरू

| क. प्रशासन शाखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७९/०८०) | आ.व. २०८०/०८१ | कैफियत |
| १ | संस्था दर्ता | ४४ | ५० | |
| २ | संस्था नवीकरण | ३०० | ३५३ | |
| ३ | संस्था खारेजी | २ | - | |
| ४ | नावालक परिचयपत्र | ३८९ | ५६८ | |
| ५ | उजुरी तथा गुनासो | ८७ | १८४ | |
| ६ | पत्रपत्रिका दर्ता | - | २ | |
| ७ | छापाखाना दर्ता | - | - | |
| ८ | विविध सिफारिस | १८०३ | १०१० | |
| ९ | तिव्वती शरणार्थीको परिचयपत्र नविकरण | - | - | |
| १० | शरणार्थीको लागि यात्रा अनुमती पत्र सिफारिस | - | - | |
| ११ | हातहतियार दर्ता | - | - | |
| १२ | हातहतियार नवीकरण | ४२ | २४ | |
| १३ | हातहतियार नामसारी | - | २ | |
| १४ | भू.पु. सैनिक पेन्सन (सिफारिस) | २० | २३ | |
| **ख. नागरिकता तथा राष्ट्रिय परिचयपत्र शाखा** | | | | |
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७९/०८०) | आ.व. २०८०/०८१ | कैफियत |
| १ | बंशजको आधारमा नयाँ नागरिकता वितरण | १५०३२ (पुरुष: ७०६४, महिला: ७९६८) | १२३२३ (पुरुष: ५८३३, महिला: ६४९०) | |
| २ | प्रतिलिपि नागरिकता वितरण | १२७३० | ११५८५ | |
| ३ | बैवाहिक अंगिकृत नागरिकता वितरण | २२ | १५ | |
| ४ | गैरआवासीय नागरिकता | - | ५२ (पुरुष: ३४, महिला: १८) | |
| ५ | प्र.जि.अ.ले दिने अंगिकृत नागरिकता वितरण | - | - | |
| ६ | जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई प्रदान गरिएको बंशजको नागरिकता | ११२ (पुरुष: ६६, महिला: ४६) | ३६ (पुरुष: १६, महिला: २०) | |
| ७ | पुरानो नागरिकता अभिलेखिकरण | - | - | |
| ८ | राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन | २९३०८ | ४१९५८ | |
| १० | राष्ट्रिय परिचयपत्र कार्ड वितरण | - | २६२४ | |
| **ग. राहदानी शाखा** | | | | |
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७९/०८०) | आ.व. २०८०/०८१ | कैफियत |
| १ | राहदानी सिफारिस | २३३८३ | १६५१६ | |
| २ | राहदानी वितरण | २१६०० | १६२३१ | |

तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ३ | वितरण हुन बाँकी राहदानी | १६५१ | २८५ | |
| घ. लेखा शाखा (राजश्व तर्फ) | | | | |
| क्र.सं. | कार्यको विवरण | रकम (आ.व. २०७९/०८०) | आ.व. २०८०/०८१ | कैफियत |
| १ | संस्था दर्ता (नवीकरण सहित) | ५,२९,०५०/- | १३,७५०/- | |
| २ | हातहतियार (नविकरण, नामसारी) | २,३१,६१५/- | १,५६,०६२/- | |
| ३ | राहदानी दस्तुर | १२,२७,४२,७५०/- | ९,०६,९७,५००/- | |
| ४ | अन्य प्रशासनिक दस्तुर | ७३,२५०/- | ५,७३,४००/- | |
| ५ | प्रशासनिक दण्ड जरिवाना | ६,७८,६००/- | ९,३७,९००/- | |
| ६ | परीक्षा दस्तुर | ३,५००/- | ७००/- | |
| ७ | बेरुजु असुली | - | ४०,०००/- | |
| ८ | सरकारी सम्पत्ति विक्री | ५,४००/- | - | |
| ९ | धरौटी | ५३,०९,९३०।८६ | ६८,३४,४३५।८६ | |
| १० | विपद् (आगजनी, चट्याङ, वर्षा) | २८,५०,०००/- | २२,२३,०००/- | |
| ११ | द्वन्द्व पीडित (अपाङ्गता भएकालाई जीवन निर्वाह भत्ता) | १५,७८,०००/- | १४,५१,४८०/- | |
| १२ | द्वन्द्वकालमा मृत्यु भएका र बेपत्ता भएका | १०,००,०००/- | - | |
| १३ | सडक दुर्घटनाको क्षतिपूर्ती वितरण | ९४,६७,५००/- | ८७,२५,०००/- | |
| १४ | वैदेशिक रोजगारीमा मृतक क्षतिपूर्ती वितरण | ७६,४५,८७६।२८ | १६,६८,३१५।४० | |
| कार्यालय तर्फ | | | | |
| १ | पूँजीगत तर्फ कूल खर्च | ४०,८५,७१७/- | ११,१९,०३५/- | |
| २ | चालु तर्फ कूल खर्च | २,६९,०४,४०४।६० | २,७७,००,६०२।५० | |
| ङ. मुद्दा शाखा | | | | |
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७९/०८०) | आ.व. २०८०/०८१ | कैफियत |
| १ | अभद्र व्यवहार गरेको | १४३ | १२५ | |
| २ | कालो बजारी | - | - | |
| ३ | खाद्य | १ | ४ | |
| ४ | क्षतिपूर्ती | ७ | ३ | |
| ५ | जुवा | ३ | ३ | |
| ६ | स्वास्थ्यकर्मी तथा संस्थाको सुरक्षा सम्बन्धी | - | - | |
| ७ | अरूको तर्फबाट परीक्षा दिएको | - | - | |
| यस आ.व. को जम्मा दर्ता | | १८५ | १३५ | |
| गत आ.व. को जिम्मेवारी सरी आएको संख्या | | ३६ | २५ | |
| यस आ.व. मा फछर्यौट भएको संख्या | | १९२ | १४८ | |
| फैसला हुन बाँकी मुद्दाको संख्या | | २९ | १२ | |
| च. खाद्य तथा गुणस्तर सम्बन्धी अनुगमन तथा नियमन | | | | |
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७९/०८०) | आ.व. २०८०/०८१ | कैफियत |
| १ | खाद्य नमूना संकलन | ९९ | ९५ | |

तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| २ | खाद्य सम्बन्धी मुद्दा दायर | १ | ४ | |

छ. बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७९/०८०) | आ.व. २०८०/०८१ | कैफियत |
|---|---|---|---|---|
| १ | खाद्यान्न, होटल र अन्य विविध | २८ पटक | ३७ पटक | विभिन्न खाद्य तथा किराना पसलहरु, डिपार्टमेन्ट स्टोर, फेन्सी पसल, हार्डवेयर पसल, भाँडा पसल, माछामासु पसल, खाद्य उद्योग, बेकरी उद्योग, होटल तथा रेष्टुरेन्ट, राजमार्ग होटल, दाना उद्योग, अस्पताल तथा स्वास्थ्य संस्था, पोलिक्लिनिक तथा डेन्टल आदि । |

ज. कार्यालय अनुगमन

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७९/०८०) | आ.व. २०८०/०८१ | कैफियत |
|---|---|---|---|---|
| १ | हाजिरी रजिष्टर, पोशाकको छड्के जाँच | ६ पटक | ११ पटक | मालपोत कार्यालय, नापी कार्यालय, बाल सुधार गृह, भीमफेदी कारागार, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, वनस्पति अनुसन्धान केन्द्र, आन्तरिक राजस्व कार्यालय, जिल्ला हुलाक |

तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| | | | | |
|---|---|---|---|---|
| | | | | कार्यालय, हेटौडा अस्पताल, तथ्याङ्क कार्यालय, सवारी परीक्षण कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई, राष्ट्रिय परीक्षा बोर्ड |

तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

पूँजीगत तर्फ कूल खर्चको विवरण

| खर्च/वित्तिय संकेत नं. | खर्च/वित्तिय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| ३११२१ | भवन निर्माण | १०००८०००.०० | ०.०० |
| ३११२२ | मेशिनरी तथा औजार | २५००००.०० | २४७७९४.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३०००००.०० | २५९४७६.०० |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | ७०००००.०० | ५६१९२२.०० |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ५००००.०० | ४९८४३.०० |
| | जम्मा | ११३०८०००.०० | १११९०३५.०० |

चालु तर्फ कूल खर्चको विवरण

| खर्च/वित्तीय संकेत नं. | बजेट शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| २१११ | पारिश्रमिक कर्मचारी | १६९८७०००.०० | १६२०७८६९.५० |
| २११२१ | पोशाक | २६००००.०० | २३००००.०० |
| २११३२ | महंगी भत्ता | ६०००००.०० | ५७८०००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ६००००.०० | ०.०० |
| २११३९ | अन्य भत्ता | ३००००.०० | १७२००.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २५०००.०० | ०.०० |
| २१२१३ | योगदानमा आधारित बीमा खर्च | १२००००.०० | ११५६००.०० |
| २२१११ | पानी तथा विजुली | ९७८०००.०० | ९७५७८०.०० |
| २२११२ | सञ्चार महशुल | २८८०००.०० | २६०८३२.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ९४१०००.०० | ९४१०००.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ७३५०००.०० | ६८४७१३.०० |
| २२२१४ | बीमा तथा नवीकरण खर्च | २१००००.०० | १७१०४२.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १९२०००.०० | १९२०००.०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १५००००.०० | १५००००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ८७५०००.०० | ८७३५०९.०० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ६००००.०० | ५८४०५.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०००००.०० | ८४७८६.०० |
| २२४१९ | अन्य सेवा शुल्क | २६६९०००.०० | २६६०८७४.०० |
| २२५२२ | कार्यक्रम खर्च | ४०००००.०० | ३९७६२१.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ७६००००.०० | ६०२८००.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ५५००००.०० | ४९९९७५.०० |
| २२६१२ | भ्रमण खर्च | १५००००.०० | ४२६५०.०० |
| २२७११ | विविध खर्च | ५०००००.०० | ४९९९७५.०० |
| २७१११ | सामाजिक सुरक्षा | १४८८०००.०० | १४५१४८०.०० |
| | जम्मा | २९१२८०००.०० | २७६९६११०.५० |

तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

# शान्ति सुरक्षा एवं अन्य महत्वपूर्ण कार्यहरु

## शान्ति सुरक्षा र अमनचयन

- जिल्लामा शान्ति सुरक्षा विश्वसनीय र भरपर्दो तुल्याई नागरिकको शान्ति सुरक्षा र अमनचयनको व्यवस्था पूर्णरुपमा मिलाइएको ।
- जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजनालाई अध्यावधिक गरिएको ।
- जिल्ला सुरक्षा समितिको बैठकलाई गतिशील, नतीजामुखी र प्रभावकारी बनाइएको ।
- जिल्ला सुरक्षा समितिको बैठक २८ पटक स्पष्ट एजेन्डा सहित सञ्चालन गरिएको ।
- गुण्डागर्दी, संगठित अपराध, जबरजस्ती असुली, महिला हिंसा लगायतका अपराधलाई नियन्त्रण गरिएको ।
- राजमार्गलाई निर्वाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाइएको ।
- अवैध हातहतियारको प्रयोग तथा ओसारपसार नियन्त्रण गरिएको ।
- विशिष्ट तथा अति विशिष्ट व्यक्तिहरूको भ्रमण सुरक्षित एवं सहज बनाइएको ।
- विभिन्न सरकारी कार्यालय, भौतिक संरचना, विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन गरिएको ।
- धार्मिक, सामाजिक तथा जातीय एकता कायम गर्न एवं थप प्रवर्द्धन गर्नका लागि जिल्ला स्थित क्रियाशील राजनैतिक दल, विभिन्न संघसंस्थाहरू, सञ्चारकर्मी, गैरसरकारी संघ संस्थाहरूबीच भेटघाट, छलफल बैठक आयोजना गरिएको ।
- जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय, प्रहरी चौकीहरू तथा सशस्त्र प्रहरी बल नेपाल, नं. १४ गण, हे.क्वा., मकवानपुरको नियमित रुपमा निरीक्षण गरिएको ।
- प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा कानून बमोजिम कार्य गरे/नगरेको सम्बन्धमा अनुगमन गरिएको।
- सरकारी जग्गा वा सार्वजनिक सम्पत्तिको संरक्षण हेतु जिल्लाभित्र रहेका सार्वजनिक जग्गाहरुको विवरण संकलन र अध्यावधिक गरिएको ।
- नेपाल सरकार, गृह मन्त्रालय र बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा संयुक्त रूपमा मिति २०८१-०२-०८ र ०९ गते हेटौंडामा आयोजना गरिएको प्रदेशस्तरीय सुरक्षा गोष्ठीको पूर्वतयारी तथा व्यवस्थापनका कार्यहरू गरिएको ।
- सीमावर्ती जिल्लाहरू चितवन, धादिङ, सिन्धुली, काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोकसँग ४ पटक अन्तर जिल्ला समन्वय बैठक बसी शान्ति सुरक्षा, लागू औषध नियन्त्रण, विपद् व्यवस्थापन, सडक दुर्घटना न्यूनीकरण लगायतका विषयमा समन्वय तथा सहकार्य गरिएको ।

## सेवा प्रवाह

- बंशजको आधारमा नयाँ नागरिकता १२,३२३ (पुरुष : ५८३३, महिला: ६४९०), वैवाहिक अंगिकृत नागरिकता १५, गैरआवासीय नागरिकता ५२ र प्रतिलिपि नागरिकता ११,५८५ वटा वितरण गरिएको ।
- जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तान ३६ (पुरुष : १६, महिला: २०) जनालाई वंशजको आधारमा नागरिकता वितरण गरिएको ।

तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

- राहदानीको लागि १६,५१६ वटा सिफारिस गरिएको र कार्यालयबाट १६,२३१ वटा राहदानी वितरण गरिएको ।
- राष्ट्रिय परिचयपत्रको लागि ४१९५८ जना नागरिकहरूको विवरण दर्ता गरिएको । साथै राष्ट्रिय परिचयपत्र कार्ड २६२४ वटा वितरण गरिएको ।
- नयाँ संस्था दर्ता ५० तथा संस्था नवीकरण ३५३ वटा गरिएको ।
- नाबालक परिचयपत्र ५६८ वटा जारी गरिएको ।
- जिल्ला प्रशासन कार्यालयमा सुनुवाइ हुने मुद्दाहरुमा मुद्दाको प्रकृति हेरी निरन्तर सुनुवाईको व्यवस्था गरी छिटो छरितो ढंगले फैसला गर्ने व्यवस्था मिलाइएको । गत आ.व.को फछ्यौंट हुन बाँकी २५ र चालु आ.व. मा दर्ता भएका १३५ वटा मुद्दा मध्ये १४८ वटा मुद्दा फछ्यौंट गरिएको ।
- वृद्ध वृद्धा एवं अशक्त नागरिकहरूलाई लक्षित गरी छिटो छरितो तवरले राष्ट्रिय परिचयपत्र नम्बर उपलब्ध गराउन मिति २०८१ जेठ ३० गतेदेखि जिल्लास्थित पालिकाहरूको केन्द्रमा विशेष घुम्ती शिविर सञ्चालन मार्फत विवरण दर्ताको कार्य गरिएको । साथै, पालिकाहरूको अनुरोधमा वडास्तरमै समेत घुम्ती शिविर सञ्चालन गरी विवरण दर्ता गरिएको ।
- वैदेशिक रोजगारीमा जानेहरूलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धमा सुरक्षित आप्रवासन परियोजना मार्फत कार्यालय परिसरमा परामर्श सेवा प्रदान गरिएको ।
- मानव वेचविखन तथा ओसार पसार नियन्त्रणका लागि यस क्षेत्रमा क्रियाशील संस्थाहरूको समन्वयमा राहदानी बनाउन आउने सेवाग्राहीहरूलाई कार्यालय परिसरमा परामर्श सेवा प्रदान गरिएको ।
- कार्यालयको काम कारवाहीलाई पारदर्शी बनाउन कार्यालयको फेसबुक, बेबसाइट, इमेल जस्ता विद्युतीय माध्यमहरुलाई नियमित अद्यावधिक गरी कार्यालयका गतिविधिहरु प्रवाह गर्ने गरिएको । विद्युतीय माध्यमबाट नै गुनासो सुन्ने व्यवस्था मिलाइएको ।
- कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई लक्षित गरी यस कार्यालयसँग सम्बन्धित विविध जानकारी र सूचनाहरुकासाथै इन्टरनेट मार्फत उपलब्ध अन्य जानकारीमूलक विषयवस्तुहरुमा सहज पहुँच होस् भन्ने उद्देश्यका साथ मिति २०७५ जेठ ८ गतेदेखि यस कार्यालय परिसरमा Free Wi-Fi को व्यवस्था मिलाइएकोमा सोलाई निरन्तरता दिंदै अझ प्रभावकारी बनाइएको ।
- संघ संस्था दर्ता गरी मठ मन्दिर, सामुदायिक भवन खेल मैदान जस्ता कार्यको नामबाट जग्गा अतिक्रमण गरी अनधिकृतरुपमा संरचनाहरु बनाउने प्रवृत्ति देखिएकोले जग्गा आवश्यक पर्ने क्रियाकलाप सञ्चालन गर्न दर्ता हुने संघ संस्था दर्ता गर्दा जग्गाको भोगाधिकार यकिन गरेर मात्रै संस्था दर्ता गर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयबाट दर्ता हुने सबै संघ संस्थामा **"वन तथा सार्वजनिक जग्गा अनधिकृत प्रयोग नगर्ने गरी"** भन्ने शर्त प्रमाणपत्र मै उल्लेख गर्ने गरिएको ।

कार्यालय व्यवस्थापन

- नियमित स्टाफ बैठक १२ पटक बसी गुनासोको सामूहिक समाधान गरिएको ।
- स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सार्वजनिकीकरण गरिएको ।

तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

- सेवाग्राहीहरू विशेष गरी अपाङ्गता भएका, जेष्ठ नागरिक तथा अशक्त महिलाहरुका लागि प्राथमिकतामा राखी सेवा प्रवाह गरिएको ।
- राष्ट्रिय परिचयपत्र, राहदानी एवं अन्य सेवा लिन आउने सेवाग्राहीहरूको लागि नागरिक सहायता कक्षबाट निशुल्क रूपमा फाराम भर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयको अभिलेख व्यवस्थापनलाई प्रभावकारी तुल्याइएको र पुराना अभिलेखहरूलाई डिजिटाइजेशन गरिएको ।
- कार्यालयमा सेवा लिन आइरहेका ज्येष्ठ एवं अशक्त नागरिकहरू समेतको स्वास्थ्य परीक्षण गर्ने उद्देश्यले कार्यालय परिसरमा सेवाग्राही स्वास्थ्य परीक्षण कक्ष स्थापना गरी सञ्चालन गरिएको ।
- सम्वत् २०७८ पौष ४ गतेदेखि कार्यालयबाट विद्युतीय राहदानी सम्बन्धी कार्य प्रारम्भ गरिएको र कार्यालयको क्षमता अनुसार दैनिक १२० भन्दा बढी जनाको Biometric लिने व्यवस्था मिलाइएको ।
- कार्यालयको सौन्दर्यीकरण गरिएको ।

भौतीक पूर्वाधार निर्माण

- कार्यालयमा आउने सेवाग्राहीहरुका लागि स्वच्छ र सफा खानेपानीको प्रबन्धका साथै शौचालय तथा कार्यालय परिसरको नियमित सरसफाईको व्यवस्था गरिएको ।
- कार्यालय परिसरभित्र निर्माण गरिएको स्तनपान कक्षलाई थप व्यवस्थित बनाईएको ।
- सेवाग्राहीहरूका निम्ति निर्माण गरिएको सेवाग्राही प्रतिक्षा कक्षलाई थप व्यवस्थित गरिएको ।
- जिल्लामा हुने विभिन्न विकास निर्माणका कार्यहरूमा समन्वय तथा सहजीकरण गरिएको ।

सडक व्यवस्थापन

- राजमार्ग अवरोध हटाउने जिल्ला समन्वय समितिको बैठक ४ पटक बसेको ।
- मानवीय कारणले राजमार्ग (सडक) अवरोध भएको अवस्थामा १० मिनेटभित्र प्रहरी कारबाही शुरू गरी राजमार्ग (सडक) तत्काल सुचारू गर्ने व्यवस्था मिलाइएको ।
- स्थानीय पालिकाहरू, सडक डिभिजन कार्यालय, यातायात पूर्वाधार निर्देशनालय, सम्बन्धित सडक योजना/आयोजनाहरूसँग समन्वय गरी राजमार्ग (सडक) अवरोध हुन नदिने र सडक मर्मत सम्भारको कार्य गर्न लगाइएको ।
- लोकमार्गमा हुनसक्ने दुर्घटना, चक्काजाम, बन्दलाई मध्यनजर गर्दै निर्वाधरूपमा सवारीसाधन सञ्चालन गर्न जिल्ला प्रहरी कार्यालय, मकवानपुर र सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा., मकवानपुरलाई QRT/IRT २४ सै घण्टा स्टेण्डवाई राख्न लगाइएको ।
- सडक दुर्घटना सम्भावित क्षेत्रहरूमा सडक बत्ति, ट्राफिक संकेत तथा चिन्हहरू लगायतका पूर्वाधारहरू स्थापना/निर्माण गर्ने कार्यमा सम्बन्धित निकायहरूसँग समन्वय गरिएको ।
- मनसुनजन्य कारणबाट सडक तथा राजमार्गहरू अवरूद्ध हुन नदिन एवं अवरोध भएमा तत्काल सडक सुचारू गर्न सम्बन्धित निकायहरू मार्फत उपकरणहरू तयारी अवस्थामा राख्न लगाइएको ।

तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

- यात्रुहरूलाई आवतजावतका क्रममा ठगिन तथा विभिन्न किसिमका हैरानी खेप्न नदिन हेटौडा उपमहानगरपालिका एरियाको बसपार्कमा ट्राफिक सहितको चाडपर्व लक्षित नागरिक सहायता कक्ष स्थापना गरी यात्रुहरूलाई आवश्यक सहयोग गरिएको ।
- चाडपर्वको समयमा यात्रुवाहक सवारी साधनहरूलाई बढी भाडा असुल्न नदिन सादा पोशाकमा प्रहरी परिचालन गरिएको । साथै, यात्रुसँग तोकिएको भन्दा बढी भाडा लिने सवारीसाधनहरूलाई कारबाहीको दायरामा ल्याइएको ।
- सवारी दुर्घटनामा नियन्त्रण तथा न्यूनिकरणका लागि ट्राफिक प्रहरी कार्यालयमार्फत सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरी जनचेतना फैलाइएको र दूर्घटना न्यूनीकरणका लागि विविध कार्यक्रमहरू सञ्चालन समेत सञ्चालन गरिएको ।

पेट्रोलियम पदार्थ ढुवानी

- मकवानपुर जिल्लामा पेट्रोलियम पदार्थको विक्री वितरणलाई सहज तुल्याईएको । साथै, बन्द हड्तालको समयमा पेट्रोलियम पदार्थको ढुवानी कार्यमा प्रयोग हुने टयाङ्करहरुको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले स्कटिङ गर्ने व्यवस्था मिलाइएको ।
- पेट्रोलियम पदार्थको विक्री वितरण गर्ने कार्यमा संलग्न रहेका हेटौडास्थित सबै पेट्रोल/डिजेल पम्पहरुलाई अनिवार्यरुपमा पम्पहरु खुला राख्ने व्यवस्था मिलाइएको ।
- हेटौडास्थित सबै पेट्रोल/डिजेल पम्पहरुबाट उपलब्ध परिमाणको पेट्रोल/डिजेल विक्री वितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरिएको ।

लागूऔषध निषेध र व्यवस्थापन

- जिल्लास्तरीय लागूऔषध नियन्त्रण कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- विभिन्न निकायको समन्वय तथा सहकार्यमा स्थानीय तहहरुमा लागूऔषध विरुद्धको सचेतना तथा जागरण अभियान सञ्चालन गरिएको ।
- गाँजा तथा अफिम खेती नष्ट गरिएको (२७८ विगाहा ३ कठ्ठा क्षेत्रफलको गाँजा तथा १४६ विगाहा ५ कठ्ठा क्षेत्रफलको अफिम खेती फडानी तथा नष्ट गरिएको) ।
- लागू औषध प्रयोगकर्ताहरुका लागि सञ्चालनमा रहेका उपचार तथा पुनर्स्थापना केन्द्रहरूको नियमित अनुगमन निरीक्षण गरी केन्द्रहरूबाट उपलब्ध हुने सेवालाई प्रभावकारी बनाइएको ।

अवैध मदिरा नियन्त्रण अभियान

- अवैध मदिरा उत्पादन तथा विक्री वितरणलाई पूर्णरुपमा नियन्त्रण गर्न सरोकारवाला निकायहरुको संलग्नतामा प्रभावकारी अनुगमन गरिएको र अवैध मदिरा उत्पादन तथा विक्री वितरणमा संलग्नलाई कानूनबमोजिम कारवाहीको दायरामा ल्याइएको ।
- ईजाजत पत्र लिई वैध मदिरा विक्री वितरण गर्ने पसल, डिपार्टमेन्टल स्टोर, होटल, रेष्टुरेन्टहरुले कानूनमा तोकिएको परिधीभित्र रही विक्री वितरण गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय, मकवानपुर, आन्तरिक राजस्व कार्यालय, मकवानपुर र उपभोक्ता हित

तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

संरक्षण मञ्चको सहभागितामा नियमित अनुगमन गरिएको र कानून विपरित गरेकालाई तत्काल कारवाहीको दायरामा ल्याइएको ।

बजार अनुगमन

- नियमितरुपमा गरिदै आएको बजार अनुगमनलाई सरोकारवाला निकायहरुको सहभागितामा थप प्रभावकारी बनाउँदै नतिजामुखी तुल्याइएको ।
- उपभोक्ता जागरण/सचेतना कार्यक्रम तथा बजार अनुगमन सम्बन्धमा सरोकारवाला सबै पक्षहरुसँग छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न । बैठकमा बजार अनुगमनलाई प्रभावकारी बनाउन "संयुक्त बजार अनुगमन कार्ययोजना" समेत तयार गरिएको ।
- वजार अनुगमनका क्रममा व्यवसाय सञ्चालकलाई अनुगमन टोलीद्वारा सुधारका निम्ति दिइएका निर्देशन तथा सुझावहरु पालना भए/नभएको सम्बन्धमा समेत अनुगमन गरिएको ।

औद्योगिक क्षेत्र व्यवस्थापन

- मजदूर समर्थक ट्रेड युनियनका पदाधिकारीहरुलाई औद्योगिक व्यवस्थापन र श्रमिक पक्षबीच विवाद समाधानार्थ सार्थक पहल गर्न र कानून विपरित गर्ने गराउने श्रमिकहरुलाई कानूनको दायरामा ल्याउन लगाइएको ।
- सौहार्द औद्योगिक वातावरण कायम गर्ने सन्दर्भमा युनियनका पदाधिकारीहरुलाई सामूहिक प्रतिबद्धता व्यक्त गर्न लगाइएको ।
- औद्योगिक वातावरणलाई सुरक्षित तुल्याई लगानीलाई प्रोत्साहन/भित्र्याउन हेटौडा औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरुको प्रभावकारी सुरक्षाको व्यवस्था मिलाइएको ।

विपद् व्यवस्थापन

- जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक ५ पटक बसेको ।
- आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) चलायमान बनाउने सम्बन्धमा ४ पटक समन्वय बैठक बसेको ।
- जिल्ला विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी निकायहरूसँग २ पटक समन्वय बैठक बसेको ।
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० (परिमार्जित तथा अध्यावधिक) कार्यान्वयन गरिएको ।
- मनसुन जोखिम न्यूनीकरण कार्ययोजना, २०८१ तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- सबै स्थानीय तह समेटिने गरी उपलब्ध Equipment सहितको QRT/IRT को परिचालन गरिएको ।
- सबै सुरक्षा निकाय एवं सरोकारवाला निकायहरूको संलग्नतामा मिति २०८० असोज २७ गते भीमफेदी गाउँपालिका वडा नं. १ हेटौडा-भैंसे सडक खण्ड स्थित त्रिखण्डीमा सडक दुर्घटनाका समयमा गरिने खोज तथा उद्धार सम्बन्धी व्यावहारिक अभ्यास **(Simulation Exercise)** सञ्चालन गरिएको ।
- सबै सुरक्षा निकाय एवं सरोकारवाला निकायहरूको संलग्नतामा मिति २०८० फागुन ७ गते हेटौडा उपमहानगरपालिका वडा नं. ८ स्थित हेटौडा कपडा उद्योगभित्र जीर्ण अवस्थामा रहेको विद्यालयको भवनमा आगलागी नियन्त्रण सम्बन्धी व्यावहारिक अभ्यास **(Simulation Exercise)** सञ्चालन गरिएको ।



तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

- विपद् भएको समयमा उद्धार र राहत तत्काल उपलब्ध गराइएको । विभिन्न विपद्बाट प्रभावित ९९ जनालाई जम्मा रू.२९,६८,६३०/- राहत रकम उपलब्ध गराइएको ।

विभिन्न महामारी रोकथाम, नियन्त्रण तथा व्यवस्थापन

- मानव तथा पशुमा देखिने विभिन्न प्रकारका महामारीहरू रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि सम्बद्ध सबै सरोकारवाला निकायहरूसँग समन्वय गरी कार्य गरिएको । साथै, सम्बद्ध निकायहरू मार्फत स्थानीयस्तरमा सचेतनामूलक कार्यक्रमहरू गरिएको ।

सूचनाको हक

- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई सुनिश्चित गरिएको ।
- सूचनाको हक प्रवर्द्धन गर्न सबै कार्यालयहरुमा सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइएको ।
- राष्ट्रिय सूचना आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसार सूचना स्वःप्रकाशन गर्ने र माग गर्दा उपलब्ध गराउने सम्बन्धी आदेश जिल्लास्तर सबै कार्यालयहरुमा जारी गरिएको र सो बमोजिम भए नभएको मूल्याङ्कन गर्न समिति बनाई अनुगमन गर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयबाट भए गरेका गतिविधिहरु नियमितरुपमा कार्यालयको वेबसाईट तथा फेसबुक पेज मार्फत सार्वजनिक गरिएको ।
- सूचनाको हक कार्यान्वयन सम्बन्धमा जिल्लास्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थानका सूचना अधिकारीहरूसँग ४ (चार) पटक बैठक बसेको ।
- कार्यालयको वेबसाइट तथा फेसबुक पेजमार्फत ३९ वटा विविध सूचनाहरू स्वतः प्रकाशन गरिएको । साथै, सूचनाको लागि कार्यालयमा निवेदन दिने २ जना सूचना मार्गकर्तालाई समेत मागबमोजिमको सूचना उपलब्ध गराइएको ।

अन्य

- जिल्ला स्थित कार्यालयहरुले सञ्चालन गर्ने विकास आयोजनाहरुको पूँजीगत खर्च बढाउन तथा गुणस्तरीयता सुनिश्चित गर्न तेस्रो पक्ष (Third party) सहित विविध सरोकारवाला निकायहरु सम्मिलित संयुक्त अनुगमन (Joint Monitoring) को व्यवस्था मिलाइएको ।
- विभिन्न औद्योगिक प्रतिष्ठान, वन विज्ञान अध्ययन संस्थान तथा अन्य विभिन्न निकाय र संघसंस्थाका श्रम लगायत विभिन्न विवादहरु सरोकारवालाहरुसँगको सहजीकरण गरी सम्बोधन गरिएको ।
- नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को अवैध उत्खनन् नियन्त्रण गरिएको । सबै खोला नालाहरूको वातावरणीय अध्ययन गर्न स्थानीय तहहरूलाई सहजीकरण गरिएको ।

तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी

# जिल्ला प्रशासन कार्यालय

हेटौडा-२, मकवानपुर

फोन नं. : ०५७-५२०४९५, ५२००१२

फ्याक्स : ०५७-५२३८२२

ईमेल : daomakawanpur@moha.gov.np

वेबसाईट : daomakawanpur.moha.gov.np

फेसबुक पेज : www.facebook.com/daomakawanpur